annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७५ पृष्ठ ८ | काठमाडौं, सोमबार ३१ असार २०८१ | आषाढ शुक्लपक्ष दशमी ... | MONDAY, JULY 15, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# परमादेशले हटाइएका ओली जनादेशबाट फेरि सत्तामा

ठीक तीन वर्षअघि सर्वोच्च अदालतको परमादेशबाट सत्ताच्युत भएका एमाले अध्यक्ष केपी शर्मा ओली दुईतिहाइ जनादेशबाट पुनः प्रधानमन्त्री बनेका छन् । उति बेला अदालतले कांग्रेस सभापति शेरबहादुर देउलाई प्रधानमन्त्री बनाउन परमादेश दिएको थियो । राजनीतिको सुई घुम्दै फेरि यस्तो ठाउँमा आइपुगेको छ, उनै देउवाको बलियो समर्थनमा ओली पुनः प्रधानमन्त्रीको कुर्सीमा बिराजमान हुँदै छन् ।



- **२००८ फागुन ११ :** इवा २, तेह्रथुममा जन्म, माता- मधु ओली; पिता- मोहनप्रसाद ओली।
- **२०२३ :** मार्क्सवादी अध्ययन दलमा संगठित
- **२०२५ :** पूर्णकालीन राजनीतिक कार्यकर्ता
- **२०२६ माघ :** नेपाल कम्युनिस्ट पार्टीको सदस्य
- **२०२७ जेठ ९ :** पूर्णकालीन कार्यकर्ता, आन्दोलन परिचालनका लागि भूमिगत जीवन सुरु
- **२०२७ फागुन १६ :** झापामा पहिलो पटक गिरफ्तार। २०३० सम्म १० पटक गिरफ्तार र रिहा
- **२०२८ :** झापा आन्दोलन संगठन कमिटीको प्रमुख
- **२०३० असोज २३ :** राज्य विप्लव तथा विध्वंसात्मक कार्यमा संलग्न रहेको जस्ता विभिन्न झुट्टा आरोपमा गिरफ्तार, ४ वर्ष गोलघरसहित १४ वर्ष जेल सजाय।
- **२०३५ पुस ११ :** जेलमै रहँदा गठित नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को संस्थापक नेताको हैसियत प्राप्त
- **२०४४ असार ११ :** जेलबाट रिहा
- **२०४४ पुस २ :** नेकपा (मा-ले) केन्द्रीय सदस्य
- **२०४६ :** तत्कालीन नेकपा (माले) को लुम्बिनी अञ्चलको इन्चार्ज
- **२०४७ जेठ १ :** प्रजातान्त्रिक राष्ट्रिय युवा संघको संस्थापक अध्यक्ष
- **२०४७ पुस २२ :** नेकपा (मा-ले) र नेकपा (मार्क्सवादी) बीच एकीकरण, नवस्थापित नेकपा (एमाले) को केन्द्रीय सदस्य
- **२०४८ :** बहुदलीय पहिलो आम निर्वाचनमा झापा-६ बाट प्रतिनिधिसभा सदस्य
- **२०५० :** केन्द्रीय प्रचार विभाग प्रमुख, पोलिटब्युरो सदस्य
- **२०५१ :** मध्यावधि निर्वाचनमा झापा-२ बाट प्रतिनिधिसभामा पुनर्निर्वाचित।
- **२०५१ मंसिर :** गृहमन्त्री
- **२०५१ :** पार्टी संसदीय विभाग प्रमुख
- **२०५४ माघ :** पार्टीको छैटौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत कार्यनितिक प्रस्ताव अत्यधिक मतद्वारा पारित, स्थायी समिति सदस्यमा निर्वाचित, विदेश विभाग प्रमुखको जिम्मेवारी प्रदान
- **२०५६ :** झापा-६ बाट प्रतिनिधिसभामा पुन: निर्वाचित
- **२०५६–२०५९ :** संसद्मा प्रमुख प्रतिपक्षी दलको उपनेता
- **२०५९ माघ :** स्थायी समिति सदस्य तथा विदेश विभाग प्रमुखमा पुनर्निर्वाचित
- **२०६३ :** उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री
- **२०६५–६६ :** केन्द्रीय पार्टी स्कुल विभाग प्रमुख
- **२०६५ फागुन :** आठौं राष्ट्रिय महाधिवेशनमा आन्तरिक लोकतन्त्रीकरण र बहुपदीय प्रणालीको स्थगित प्रस्ताव स्वीकृत। अध्यक्ष पदको प्रत्याशी, झलनाथ खनालद्वारा पराजित। विदेश विभागको प्रमुखको जिम्मेवारीसहित स्थायी समितिमा निर्वाचित।
- **२०७० मंसिर :** झापा-७ बाट संविधानसभा सदस्यमा निर्वाचित
- **२०७० माघ २१ :** तत्कालीन पार्टी अध्यक्षलाई पराजित गर्दै संविधानसभा तथा व्यवस्थापिका संसद्को दलका नेतामा निर्वाचित
- **२०७१ साउन १ :** नवौं राष्ट्रिय महाधिवेशनबाट तत्कालीन वरिष्ठ नेता माधवकुमार नेपाललाई पराजित गर्दै अध्यक्ष पदमा निर्वाचित
- **२०७२ असोज २४ :** प्रधानमन्त्री
- **२०७४ फागुन ३ :** पुन: प्रधानमन्त्री
- **२०७८ वैशाख ३० :** प्रधानमन्त्री
- **२०७८ मंसिर :** १० औं महाधिवेशनबाट पुन: अध्यक्ष निर्वाचित
- **२०८१ असार ३० :** प्रधानमन्त्री

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
– को रिपोर्ट

समाचार पृष्ठ २

# र्‍यालीमा गोली चल्दा ट्रम्प घाइते




**अमेरिका** (एजेन्सी) : अमेरिकी रिपब्लिकन पार्टीद्वारा पेन्सिलभेनियामा शनिबार आयोजित र्‍यालीमा गोली प्रहार हुँदा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प घाइते भएका छन्। रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतीय निर्वाचनका उम्मेदवारसमेत रहेका ट्रम्पमाथि भएको गोली प्रहारले विशेषगरी उनको कानमा चोट लागेको छ। गोली प्रहारपछि उनले आफ्ना प्रशंसकलाई 'यस घटनाबाट हामी डराउने छैनौं' भन्दै अब पहिलेभन्दा अझै एकजुट हुन आह्वान गरेका छन्।

र्‍यालीमा स्थिति नियन्त्रणमा लिनुअघि पटकपटक गोली चलेको आवाज सुनिएको प्रत्यक्षदर्शीले बताएका छन्। गोलीको आवाज आएपछि सुरक्षाकर्मीहरूले ट्रम्पलाई तत्कालै मञ्चबाट निकालेर गाडीतर्फ लगेका थिए।

गोली प्रहारबाट र्‍यालीमा सहभागी एकको ज्यान गएको छ भने दुई घाइते भएका छन्। एलेघेनी जनरल अस्पताल लगिएका घाइतेको अवस्था गम्भीर रहेको अस्पतालले जनाएको छ। ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसियल'मा सन्देश लेख्दै आफू सकुशल रहेको र स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको जनाएका छन्। गोली प्रहारपछि उनको कानको माथिल्लो भागबाट रगत बगिरहेको र उनलाई सुरक्षा दिन सुरक्षाकर्मीहरू दौडधुप गरिरहेका दृश्य अन्तर्राष्ट्रिय सञ्चार माध्यमले प्रसारण गरिरहेका थिए।

अमेरिकी गुप्तचर निकाय एफबीआईले ट्रम्पमाथि गोली चलाउने आक्रमणकारीको पहिचान गरेको छ। गोली चलाउने २० वर्षीय थोमस म्याथ्यु क्रुक्सलाई 'यूएस सिक्रेट सर्भिस'का अधिकारीहरूले गोली हानेर हत्या गरेका छन्।

ट्रम्पमाथि भएको आक्रमणप्रति विश्व समुदायले विरोध जनाएको छ। संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेर्रेसले घटनाको निन्दा गर्दै अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

राजनीतिमा हिंसाका लागि कुनै स्थान नरहेको उल्लेख गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेन, पूर्वराष्ट्रपति बाराक ओबामा, बिल क्लिन्टन, युरोपेली संघका विदेश नीति प्रमुख जोसेफलगायतले आक्रमणको निन्दा गरेका छन्।

» बाँकी पृष्ठ ६

# सामाजिक न्यायको आवश्यकता



**बालकुमारी कार्की**

इजलास

देशको सार्वभौमसत्ता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्न वा नागरिकको जीउधन र सम्पत्ति सुरक्षा एवं सबै प्रकारका डर, धम्की र त्रासबाट सुरक्षित रहन न्यायपूर्ण समाजको आवश्यकता छ।

समकालीन विश्वका जुनसुकै स्थानमा बसोबास गर्ने मानिसका बीचमा पनि वर्ग विभाजन गरिएको हुन्छ। यस्तो भिन्नता धनी र गरिबका बीचमा, शिक्षित र अशिक्षितका बीचमा, ठूलो पद र सानो पद धारण गरेका मानिसको बीचमा जुनसुकै विषयहरूमा पनि भिन्नता कायम हुन्छ। जसमध्ये प्राचीन रोममा पनि सामन्त वा सम्भ्रान्त वर्ग थियो भने अर्को सर्वसाधारण वर्ग थियो। त्यसैगरी प्राचीन ग्रीकको समाज पनि दास र मालिक वर्गमा विभाजित थियो। संसारमा विकासमा पछाडि परेकालगायत समाजका सबै सदस्यहरूलाई मानवअधिकार र सामाजिक लाभहरूमा समान अवसर प्रदान गर्नेतर्फ गरिएको कार्य नै सामाजिक न्याय हो।

सामाजिक न्याय स्थापना गर्न राज्यले सार्वजनिक उत्तरदायित्वको प्रभावकारी व्यवस्था गर्नुपर्छ। उच्च फराकिलो विकास र राजनैतिक स्थायित्व हुनुपर्छ। द्वन्द्वरहित राज्य प्रणाली, सामाजिक सहजीकरण, महिला र पुरुषबीच समान सहभागिताको अवसर, उत्पादनका साधनहरूको प्रभावकारी परिचालन, सन्तुष्ट शासन व्यवस्थाको प्रवर्द्धन, नागरिक सशक्तीकरण आदि व्यवस्थाको विकास आवश्यक हुन्छ।

अत: सामाजिक न्यायले समाजमा सबै वर्ग, क्षेत्र, समुदाय, महिला, जातजाति र लिंगका व्यक्तिहरूलाई सामाजिक स्रोतसाधन र अधिकारको प्रयोगमा समानता कायम गर्दछ। समाजमा उपेक्षित, उत्पीडित महिला वा पछाडि परेका वा पारिएका समूहलाई सबै प्रकारका सामाजिक अवसर प्रदान गर्नु तथा सामाजिक, राजनैतिक तथा आर्थिक विभेदहरूको अन्त्य गर्ने विषय सामाजिक न्याय हो।

*(कार्की, शिक्षक हुन्।)*

# कहाँ होलान् त्रिशूलीमा बगेकाहरू ?

## ९ जनाको शव फेला, ५ को पहिचान

**केशरराज क्षेत्री** | *काठमाडौं*

बिहानको झिसमिसे उज्यालो नहुँदै त्रिशूलीमा बगेकाहरू तीन दिन बित्दासमेत अझै भेटिएका छैनन्। दुई वटा बसलाई लेदोसहितको पहिरोले बगाएर ५१ जना बेपत्ता भएका छन्। तीमध्ये आइतबार रातिसम्म ९ जनाको शव फेला परेको छ। पाँच जनाको पहिचान भए पनि चार जनाको सनाखत हुन नसकेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक भावेश रिमालले जानकारी दिए।

राज्यका सबै सुरक्षा निकायसहितका विभिन्न उद्धारकर्ताहरूले बेपत्ता भएकाहरूको खोजी कार्य दिनरात जारी राखे पनि भेटाउनै मुस्किल परिरहेको प्रहरी उपरीक्षक रिमालको भनाइ छ। नदीमा बगेर बेपत्ता भएकाहरूको परिवारलाई जिल्ला प्रशासन कार्यालय चितवनको समन्वयमा विभिन्न होटल व्यवसायीहरूले स्वतस्फूर्त खान बस्नको नि:शुल्क व्यवस्थापन मिलाएको चितवनका सहायक प्रमुख जिल्ला अधिकारी खिमानन्द भुसालले जानकारी दिए।

दुर्घटनास्थलमा आइतबार गृहसचिव एकनारायण अर्याल, प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सुरक्षा निकायका प्रमुख, राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पदाधिकारी, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका सहसचिवलगायत स्थलगत निरीक्षणमा पुगेका थिए।

भरतपुर महानगरपालिका वडा नम्बर २९ मा पर्ने नारायणगढ-मुग्लिन सडक खण्डको सिमलताल भन्ने स्थानमा यात्रुवाहक दुई बसलाई माथिबाट आएको लेदोसहितको पहिरोले बगाएको असार २८ गते बिहान साढे ३ बजे बगाएको थियो। वीरगन्जबाट काठमाडौं आउँदै गरेको प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बसमा २४ जना र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बसमा २७ जना गरी ५१ जना यात्रु सवार थिए।



**दुर्घटनास्थल सिमलतालमा स्थलगत निरीक्षणमा पुगेका गृहसचिव, प्रहरी महानिरीक्षकसहितको टोली।** ● अन्नपूर्ण

हालसम्म शव फेला पर्नेमा दुई जना नेपाली नागरिक र ती जना भारतीय नागरिक हुन्। प्रहरीका अनुसार वरहथवा नगरपालिका-३ सर्लाही निवासी १९ वर्षीय रमितकुमार माझी, माडी नगरपालिका-१ चितवन निवासी २२ वर्षीय विकास परियारको शव फेला परेको छ।

भारत बेतिया विहार पश्चिम चम्पारण बेतियाथा निवासी २२ वर्षीय सजाद अन्सारी, सोही ठाउँका ३० वर्षीय जयप्रकाश ठाकुर र भारत सीतामणि बर्गेनिया जमुवा निवासी २८ वर्षीय कपीलाल साहको पहिचान भएको छ। शनिवार तीन जना र आइतबार दुई जनाको शव फेला परेको हो। पहिचान नभएका चार जनाको पनि आइतबार नै शव फेला परेको प्रहरीले जनाएको छ।

### सडकको त्रासले जहाजमा भिड

नारायणगढ-मुग्लिन सडक खण्डको त्रासले पश्चिम नेपालबाट राजधानी आउने यात्रुहरूमा त्रास फैलिएपछि पहुँच पुग्नेहरू जहाजको यात्रा गर्ने गरेका छन्। आइतबार भैरहवा काठमाडौं यात्रा गर्ने नागरिकले जहाजमा टिकट पाएनन्। दिउँसो ३ बजे जहाजको टिकट लिन खोजे पनि नपाइएको इस्मा गाउँपालिका-४ खग्रेटा गुल्मीका रामबहादुर कार्कीले सुनाए। 'आइतबार नपाएपछि सोमबार बिहानका लागि जहाजको टिकट काटेको छु', उनले भने, 'बुझ्दै जाँदा नारायणगढ मुग्लिन सडकका कारण प्लेन पनि प्याक भएको रहेछ।' काठमाडौं-भरतपुर पनि जहाजमा टिकट नपाएको यात्रुहरूले गुनासो गरेका छन्।